फोन नं: ०११-४९०२०१/४९०५८९
Email: akckavre@gmail.com,
Web: www.kavre.akc.gov.np,

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय,काभ्रेपलाञ्चोक

धुलिखेल, काभ्रेपलाञ्चोक

## बीउ बिजन आत्मनिर्भर कार्यक्रममा सहभागिताका लागी प्रस्ताव आव्हान सम्बन्धि सूचना

सूचना नं. १४/०८१/८२
सूचना प्रकाशित मिति: २०८१/०९/१७

कृषि विकास कार्यालय, काभ्रे आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बीउ बिजन आत्मनिर्भर कार्यक्रममा सहभागि हुन यस कार्यालयको **कार्यक्षेत्र (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक जिल्ला) का बीउ उत्पादन कार्यक्रमका लागि निर्धारित क्षेत्र भित्रका इच्छुक आवेदकहरु (कृषक समूह, सहकारी, सामुदायिक बीउ बैंक तथा नीजि फर्म/कम्पनी)** ले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (२०८१/१०/०८) सम्म कार्यालय समयभित्र आइपुग्ने गरी तपसिल बमोजिमका सहयोगि कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी कृषि विकास कार्यालय, धुलिखेल वा कार्यालयको सेवा केन्द्र, चौतारा सिन्धुपाल्चोकमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। अनलाइन मार्फत आवेदन दर्ता गर्न भौगोलिक रुपमा टाढा रहेका इच्छुक आवेदकहरुले कार्यालयको वेभसाइट https://www.kavre.ado.gov.np/ को आयोजना/कार्यक्रम माग आवेदन फारम भित्र गइ **प्रस्ताव पेश गर्नको लागि उपलब्ध रहेका कार्यक्रमहरु** मध्ये आफुले आवेदन दिन चाहेको कार्यक्रममा **+आवेदन फारम भर्नुहोस** लाई क्लिक गरि निर्दिष्ट कागजात/जानकारीहरु अपलोड/प्रविष्ट गरी आवेदन पेश गर्न सकिनेछ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल:

| क्र. स. | कार्यक्रमको नाम | इकाइ परिमाण | कुल बजेट रु. लाखमा | बीउ उत्पादनका लागि निर्धारित क्षेत्रहरु | कैफियत |
|---|---|---|---|---|---|
| १. | बीउ उत्पादन प्रवर्द्धन तथा क्षेत्र विस्तार सहयोगका लागि तरकारीको बीउ एवं उत्पादन सामाग्री सहयोग | हेक्टर ८ | १.६ | काभ्रेपलाञ्चोक जिल्ला<br>तेमाल गा.पा. -१, चौरीदेउराली गा.पा.-३ नमोबुद्ध न.पा.-४ | बीउ बिजन आत्मनिर्भर कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८१ |
| २. | बीउ उत्पादन प्रवर्द्धन तथा क्षेत्र विस्तार सहयोगका लागि श्रोत बीउ/उन्नत बीउ एवं उत्पादन सामाग्री सहयोग (खाद्यान्न बाली) | हेक्टर १६ | ३.२ | काभ्रेपलाञ्चोक जिल्ला<br>चौरीदेउराली गा.पा-५, मण्डनदेउपुर न.पा.-३,४,५, ८ र १० पाँचखाल न.पा.-१० नमोबुद्ध न.पा.-८ तथा पनौती न.पा.-१<br>सिन्धुपाल्चोक जिल्ला<br>बलेफी गा.पा.-२, सुनकोशी गा.पा.--२ ईन्द्रावती गा.पा.-११ तथा चौतारा सागाचोकगढी न.पा.-१३ | |
| ३. | बीउ प्रशोधन इकाइ स्थापना | संख्या १ | १० | काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाका सबै | बीउ उत्पादनका लागि निर्धारित क्षेत्र भित्रका |

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

CamScanner

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: akckavre@gmail.com,
Web: www.kavre.akc.gov.np,

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय,काभ्रेपलाञ्चोक

धुलिखेल, काभ्रेपलाञ्चोक

| क्र. स. | कार्यक्रमको नाम | इकाइ परिमाण | कुल बजेट रु. लाखमा | बीउ उत्पादनका लागि निर्धारित क्षेत्रहरु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | योग्य आवेदकहरु | आवेदकका अलावा जिल्ला भित्रका बीउ व्यवसायमा संग्लग्न कृषक समुह/सहकारी/ सामुदायिक बीउ बैंक/निजी फर्म/कम्पनीले आवेदन पेश गर्न सक्ने |

**संग्लग्न कागजातहरु**

१. रु. १०/- को टिकट टाँस गरी स्विकृत कार्यविधि को अनुसूची-५ "क"(बीउ प्रशोधन इकाइ स्थापनाको लागि) र ५"ख" (बीउ उत्पादन प्रवर्द्धन तथा क्षेत्र विस्तार सहयोगका लागि) मा उल्लेखित निर्धारित फर्मेट अनुसारको प्रस्ताव पत्र/आवेदन,

२. श्रोत/उन्नत बीउ उत्पादन कार्यक्रममा सहभागि हुने समुह/सहकारी/सामुदायिक बीउ बैकको बैठकको निर्णय प्रतिलिपि

३. श्रोत बीउ उत्पादन गर्न चाहने आवेदकको हकमा मुल बीउ उत्पादन इजाजत प्रमाण पत्रको प्रतिलिपि

४. क्षेत्रफल खुल्ने कागजातहरु साथै जग्गा लिजमा लिएको भए कम्तिमा ५ वर्षका लागि जमिन भाडामा लिएको प्रमाण एवं निरन्तर कृषि कार्य गर्ने प्रतिवद्दता/स्वघोषणा पत्र

५. सामुहिक रुपमा बीउ उत्पादन गर्नेको हकमा बीउ उत्पादकहरुको जग्गाको कित्ता न एव क्षेत्रफल सहितको सुचि

६. प्रस्तावक संस्थाको संस्था दर्ता/नविकरण प्रमाणपत्र, PAN दर्ता र आ.व. २०८०/८१ को लेखा परिक्षण प्रतिवेदन तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

७. पुर्वाधार तथा संरचना निर्माण भाडाको जग्गामा निर्माण गर्ने भए जग्गा लिजमा भएको सम्झौता र जग्गाको जग्गा धनि पुर्जाको प्रतिलिपि

८. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको कार्यक्रम संचालनमा आवश्यक समन्वय सम्वन्धि सिफारिस पत्र

९. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनका लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानिय तह/अन्य संघ संस्थाबाट सोहि कार्यका लागि सहयोग लिए/नलिएको स्व-घोषणा

१०. अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फोटो एक प्रति

११. कार्यालयबाट कार्यक्रम संचालन सम्वन्धमा माग भएका अन्य आवश्यक कागजातहरु

**पुनश्चः**

- **बीउ बिजन आत्मनिर्भर कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८१** कृषि विकास कार्यालय, काभ्रेपलान्चोकको वेभसाइट https://www.kavre.ado.gov.np/ बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
- अनलाइन मार्फत फर्म भर्ने आवेदकहरुले उल्लेखित सम्पुर्ण कागजातहरुको अनलाइन प्रणाली मार्फत नै पेश गर्नुपर्ने छ। प्रारम्भिक चरणमा छनौट भएका खण्डमा पेश गरेका सक्कल/प्रमाणित प्रति फिल्ड भेरिफिकेशनको क्रममा अनिवार्य देखाउनुपर्ने छ।अन्यथा आवेदन छनौटका लागि मुल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन साथै इमेल बाट प्राप्त आवेदनहरुलाइ मुल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

CamScanner